नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवन

## वार्ताद्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति: २०७५/११/०१ गते ।

यस शिक्षालयमा जिन्सी आम्दानीमा बाँधिएका निम्न सवारी साधनहरू जेजस्तो अवस्थामा छन् सोही अवस्थामा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८ बमोजिम डाँक बढाबढद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरूबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७५/०५/३१ गते पहिलोपटक र मिति २०७५/०६/१८ गते सूचना प्रकाशित गर्दा समेत निर्धारित मिति र समय सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरू लिलाम सकार गर्न नआएकोले उक्त सवारी साधनहरू आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५८ को उपनियम ११ बमोजिम कानूनले तोकेका बिभिन्न कार्यालयका प्रतिनिधिहरू समेतको रोहवरमा देहाय अनुसार वार्ताद्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण :-

| सि.नं. | जिन्सी सामानको विवरण | संख्या | मोडेल नं./ईन्जिन नं./च्यासिस नं. | कायम मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | हिरो होन्डा सि.डि. १०० मोटरसाइकल | १(एक) | CD 100/ 03B13F003520/ 03B13F001001 | रू. २१००।- | |

१. वार्ताद्वारा बिक्री गरिने मिति समय र स्थान :- मिति २०७५ साल फागुन महिना ०७ गते दिउँसो २:०० बजेदेखि ४:०० बजेसम्म यस शिक्षालयको कार्यलयमा ।

२. वार्तामा सहभागी हुन चाहने व्यक्ति वा फर्मले मिति २०७५ साल फागुन महिना ०७ गते दिउँसो ३:०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्र फर्म वा संस्था भए करचुक्ताको प्रमाणपत्र र नवीकरण सहितको संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत राखी निवेदनको साथमा निवेदन दस्तुर रु १०० (अक्षरूपी एक सय मात्र) बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनुपर्नेछ ।

३. निर्धारित मिति र समयमा निवेदन दर्ता नगराई उपस्थित हुने व्यक्ति वा फर्मलाई वार्तामा सहभागी गराइने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भएमा वार्ताद्वारा मूल्य कायम गरिने र एकभन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बीच लिलाम बढाबढको प्रक्रिया अपनाइने छ । सो प्रक्रियामा सबभन्दा बढी अङ्क कबोल गर्ने व्यक्ति वा फर्मलाई लिलामीमा चढाइएका उक्त सवारी साधन बिक्री गरिनेछ ।

५. वार्ता (लिलाम)मा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम नगदै धरौटी राख्नु पर्नेछ । वार्ता (लिलाम) सम्पन्न भएपछि डाँक सकार गरी लिने व्यक्तिले ७ दिनभित्र आफुले कबोल गरेको मूल्यको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिनभित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिनभित्र आफुले कबोल गरेको मूल्य र मूल्य अभिवृद्धि कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ ।

६. लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अङ्क कबोल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटी सोही दिन नै फिर्ता गरिनेछ ।

७. अन्य कुराहरू यस कार्यालयबाट यस अघि प्रकाशित सूचना र कानूनबमोजिम हुनेछ ।

८. यस सम्बन्धी थप कुराहरू बुझ्न परे यस कार्यालयको सम्पर्क नं. ०५६-४१०००० मा सम्पर्क गरी वा कार्यालय समयभित्र यस कार्यालमा आई सवारी साधन हेर्न र बुझ्न सकिनेछ ।

DSP